प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १०९ ॥ २०८२ जेठ १४ गते बुधबार (28th May 2025 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

# जेठ १५ को समर्थन र विरोध बढ्दै

झापा(प्रस) । राजसंस्था पुनर्स्थापनाका लागि भन्दै जेठ १५ गतेबाट निरन्तरको आन्दोलनमा होमिन लागेको पूर्वराजावादी समूहहरुको मुख्य घटक दल राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले 'माघ १९ मा जस्तो 'कू' गर्ने खालको राजा आफूहरुले पुनर्स्थापना गर्न नचाहेको बताएका छन् ।



राजधानीमा मंगलबार मिडियाका सम्पादकहरुसँग अन्तरक्रिया गर्दै उनले आफूहरुले ल्याउन लागेको राजतन्त्र र राजा विगतको जस्तो नहुने दाबीसहित भने, 'माघ १९ को जस्तो 'कू' गर्ने राजा ल्याउन खोजेका हैनौं । हिजो र आजका दुवै राम्रा कुरा ल्याउन खोजेका हौं ।'

आन्दोलनको मोर्चामा राप्रपासँगै सहकार्य गरिरहेका राप्रपा नेपालका अध्यक्ष कमल थापाले यही संविधान संशोधन गरे राजसंस्थावादी र गणतन्त्रवादीको मिलनविन्दु भेट्टाउन सकिने अवस्था रहेकाले त्यसका लागि आन्दोलनमार्फत जनदबाब सिर्जना गर्न खोजेको उल्लेख गरे । उनले पनि राजसंस्था र राजा फरक भएकाले राजसंस्थाभित्र राजा हुने व्यक्ति नयाँ पनि हुनसक्ने उल्लेख गरे । शाह वंशकै राजा हुने त्यसका लागि ज्ञानेन्द्रको सट्टा उनका नाति हृदयेन्द्रसमेत अब युवा भएकाले उनलाई पनि ल्याउन सकिने उल्लेख गरे । थापाले आन्दोलनको शैली र गन्तव्यबारे भने,'भद्र अवज्ञा गर्छौं, जनताको व्यापक उपस्थितिबाट गणतन्त्रवादीलाई समभदारी गर्नुपर्ने विन्दुमा पुऱ्याउँछौं । विगतमा यो संविधान सडकको दबाबबाट दुईपटक संशोधन भइसकेको छ । अब पनि सडकको दबाबबाट सबै समेटिने गरी संविधान संशोधनको विन्दुमा पुऱ्याउँछौं ।'

राजसंस्था पुनर्स्थापना लगायतका माग राखेर आन्दोलनरत राप्रपा लगायतका पूर्वराजावादी दल र समूहहरुले जेठ १५ गतेबाट सुरु हुने नयाँ चरणको आन्दोलन शान्तिपूर्ण हुने दाबी गरेका छन् । तर प्रधानमन्त्री र उनको नेतृत्वको दल एमालेले आन्दोलन भड्काउने जोखिम रहेकाले यसलाई मानवअधिकारवादीलगायत सबैले नजिकबाट नियाल्न उनीहरुले आग्रह गरेका छन् ।

राप्रपाका अध्यक्ष लिङ्देन, राप्रपा नेपालका अध्यक्ष थापा, राजसंस्था पुनर्स्थापना आन्दोलनका संयोजक नवराज सुवेदी र राष्ट्रिय शक्ति नेपालका संयोजक केशरबहादुर

❖ बाँकी तेस्रो पृष्ठमा

# सुरक्षाको प्रत्याभूति दिन्छौं- प्रहरी प्रमुख लिम्बू

झापा(प्रस)। झापाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक राजन लिम्बूले जिल्लावासीलाई सुरक्षाको प्रत्याभूति हुनेगरी काम गर्ने प्रतिवद्धता जनाएका छन् । प्रहरी चौकी बिर्तावजारले मंगलवार आयोजना गरेको स्वागत सम्मान कार्यक्रममा बोल्दै जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक लिम्बूले शान्ति सुरक्षा कायम गर्ने काममा कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता जनाएका हुन् । झापा जिल्लाको लागि सबैभन्दा ठूलौ चुनौती लागूऔषध बनेको भन्दै उनले प्रहरी एक्लैले सो समस्या समाधान गर्न नसक्ने भएकाले सबैलाई साथ दिन आव्हान गरे । प्रहरी चौकी ब्यवस्थापन समितिको आयोजनामा अध्यक्ष बिरेन कोइरालाको अध्यक्षता रहेको कार्यक्रममा बोल्दै प्रमुख अतिथि बिर्तामोड नगरपालिका वडा नम्बर ३ का अध्यक्ष मदन बुढाथोकीले जनप्रतिनिधि र प्रहरी भनेको एक अर्काका परिपुरक भएकाले दुवै मिलेर समाजमा हुने अपराधजन्य घटना कम गर्न र शान्ति सुरक्षा मजबुत बनाउन सहकार्य गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख लिम्बू, नेपाली कांग्रेसका जिल्ला कोषाध्यक्ष जलकुमार गुरुङ , नेकपा एमालेका नगर अध्यक्ष सुवास भट्टराई , नेकपा माओवादी केन्द्रका कुवेर श्रेष्ठलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा इलाका प्रहरी बिर्तामोडका प्रमुख प्रहरी नायव उपरीक्षक बिजय श्रेष्ठ, सशस्त्र प्रहरी शनिश्चरे बेस क्याम्पका प्रमुख प्रहरी नायव उपरीक्षक महेश बिष्ट, जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक गणेश पौडेल, वडा सदस्य हरि बास्कोटा, कांग्रेसका नगर सचिव दिवाकर प्रसाई, नेपाली कांग्रेसका वडा सभापति प्रेम उप्रेती, नेकपा एमालेका वडा कमिटी अध्यक्ष कोसिस घिमिरे माओबादीका वडा कमिटी अध्यक्ष तुलसी ढकाल, समाजसेवी कुमार दाहाल, पूर्व जनप्रतिनिधि सृष्टी बस्नेतलगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रमको संचालन मनोज घिमिरेले गरेका थिए । प्रहरी चौकी बिर्तावजारको इन्चार्जको रुपमा प्रहरी सहायक निरीक्षक पदम विष्ट आएपछि आपराधिक क्रियाकलाप घटेको स्थानीय बताउँछन् ।

# झापा गाउँपालिकालाई पूर्ण खोप पालिका घोषणा

कुमरखोद(प्रस) । झापा गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गाउँपालिका घोषणा गरिएको छ ।




पूर्ण खोप सुनिश्चितता निर्देशिका २०७९( संशोधन सहित ) वमोजिम सम्पूर्ण प्रकृया पुरा गरी झापा गाउँपालिकाभित्र रहेका १६ देखि ५९ महिनासम्मका सम्पूर्ण बालबालिकाहरुलाई १५ महिना पुरा भएपछि पूर्ण खोप पाएको सुनिश्चित गरी पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गाउँपालिका घोषणा गरिएको हो । गाउँपालिकाको ७ वटै वडाबाट सबै बालबालिकाले खोप लगाउने कार्य सम्पन्न भएपछि गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख प्रेमप्रसाद न्यौपानेले बताए ।

शाखा प्रमुख न्यौपानेले आर्थिक वर्ष २०८१/८२ मा झापा गाउँपालिकाको ७ वटै वडामा १५ महिना माथिका कुल ६ सय ३९ जना बालबालिकालाई १३ प्रकारका खोप ७ पल्टमा लगाएर खोप कार्य सम्पन्न गरिएको बताए ।

झापा गाउँपालिकाका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाको अध्यक्षता एवम् झापा जिल्ला खोप समन्वय समितिका संयोजक रहेका जिल्ला समन्वय समिति झापाका प्रमुख विश्वनाथ बरालको प्रमुख आतिथ्यतामा गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको हो ।कार्यक्रममा बोल्दै प्रमुख अतिथि बरालले खोप कार्य निरन्तर चलिरहने र उमेर समूहका सवै बालबालिकाले अनिवार्य खोप लगाउन पाउनु पर्ने सरकारको लक्ष्य अनुसार जिल्लाका सवै स्थानीय तहलाई पूर्ण खोप सुनिश्चितता घोषणा र प्रमाणीकरण गर्ने कार्य अगाडी बढिरहेको बताए । उनले कन्काई नगरपालिकापछि झापा गाउँपालिका पूर्ण खोपको दोस्रो पालिका भएको दिए ।

यसैगरी झापा गाउँपालिकाका कार्यवाहक अध्यक्ष थपलियाले शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिएको बताउँदै स्वास्थ्यकर्मी , महिला स्वयंसेविका र जनप्रतिनिधिहरुको अथक मेहनतले पालिकालाई पूर्ण खोप घोषणा गर्न सफल भएको जानकारी दिइन् । कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र थपलिया , स्वास्थ्य कार्यालय झापाका वरिष्ठ खोप अधिकृत राजकुमार पोखेल , वडा नं ७ का वडा अध्यक्ष सखिचन्द्र ठाकुरलगायतका वक्ताहरुले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा वडा नं १ का वडा अध्यक्ष राजकुमार यादव , वडा नं २ का अध्यक्ष हिमालकुमार चम्लागाई , वडा नं ३ का अध्यक्ष सुभाषलाल गणेश , वडा नं ५ का अध्यक्ष कृष्णप्रसाद राजवंशी , वडा नं ६ का अध्यक्ष नविनकिशोर थापा , स्वास्थ्यकर्मी र स्वयंसेविकाहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रमको संचालन स्वास्थ्य शाखा प्रमुख न्यौपानेले गरेका थिए । कार्यक्रममा ७ वटै वडाका वडाध्यक्ष ,स्वास्थ्यकर्मी र स्वयंसेविकाहरुलाई सम्मान गरिएको थियो ।

# चौपायासहित दुई लाखको क्षति,एक घाइते

झापा(प्रस)। झापाको बाह्रदशीमा ग्वालीमा आगलागी हुँदा चौपायासहित दुई लाखको क्षति भएको छ। आगो निभाउने क्रममा एकजना घाइते भएका छन् । मंगलवार बिहान ४ बजे बाह्रदशी गाउँपालिका ५ घोडामारा बस्ने ५० वर्षीय बिष्णु ओभाको ग्वालीमा रहेको चुलोबाट आगलागी भएको थियो । खोले पकाएर ननिभाइकन राखेकोमा अचानक सल्केर आगलागी हुँदा बिद्युतीय मोटर , कुटी काट्ने मेसिन जल्नुका साथै गाईको दुईवटा बाच्छा जलेर मरेका छन् । त्यस्तै काठपात र ग्वाली पूर्णरुपमा जलेर नष्ट हुँदा अन्दाजी दुई लाख बराबरको क्षति भएको छ । आगो निभाउने क्रममा आगोले ढाँड तथा हातमा पोलेर घरधनी ओभा घाइते भएका छन् । उनलाई उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड पठाएको र अवस्था सामान्य रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । स्थानीय र प्रहरीको सहयोगमा बिहान ४.३० बजे आगो नियन्त्रणमा लिइएको थियो ।

# अब नेपालमै 'फ्लोसाइटोमेट्री' परीक्षण



झापा(प्रस) । चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा रक्त क्यान्सरको 'भेरियन्ट' (प्रकार) पत्ता लगाउन गरिने 'फ्लोसाइटोमेट्री' परीक्षण सुरुआत भएको छ । यसका लागि अस्पतालले उपकरण जडान गरी चिकित्सक, प्राविधिकलाई आवश्यक तालिमसमेत दिएको छ ।

अस्पतालको प्रयोगशाला विभाग प्रमुख डा ग्रेता पाण्डेले 'फ्लोसाइटोमेट्री'सेवा थालनी गरेर ९० जनाभन्दा बढीको परीक्षण पनि गरिएको जानकारी दिए । विगतमा यो परीक्षणका लागि महँगो शुल्क तिरेर भारत पठाउनुपर्ने बाध्यता थियो । अस्पतालले यो सेवा सुरु गरेसँगै रु १२ हजारमा नै यो परीक्षण गर्न सकिने अस्पतालले जनाएको छ । बाहिर पठाउँदा ठाउँअनुसार धेरै रकम तिर्नुपर्ने हुन्थ्यो । नेपालमा बर्षेनि कतिजनालाई रक्त क्यान्सर हुन्छ भन्ने एकीन तथ्याङ्क कुनै निकायसँग छैन ।

रक्त क्यान्सर भएका बिरामीको हड्डीभित्रबाट मासी निकालेर गरिने एक प्रकारको उच्चस्तरको परीक्षण हो । प्रमुख डा पाण्डेले भने, "रक्त क्यान्सरको टाइप पत्ता लगाउन गरिने परीक्षण हो । ढाडबाट मासी निकालेर परीक्षण गरिन्छ ।"

एक जना डाक्टर र एक जना प्राविधिकलाई भारतको टाटा मेमोरियल क्यान्सर अस्पताल तालिमका लागि पठाइएकामा उनीहरु तालिम लिएर आएसँगै यहाँ परीक्षण सुरु गरिएको जनाइएको छ ।

अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलले क्यान्सर उपचारलाई थप प्रभावकारी बनाउन मेसिन उपकरण जडान गरेर र जनशक्तिलाई तालिम प्रदान गरेर सेवा थप गर्दै लगिएको बताए । यही परीक्षण हुने भएसँगै बिरामीहरू प्रत्यक्ष लाभान्वित भएका छन् । पछिल्लो समय क्यान्सर अस्पतालले आफ्नो सेवालाई थप प्रभावकारी बनाउन उपकरण थप गर्ने र जनशक्तिलाई तालिम दिने कार्यलाई तीव्रता दिँदै आएको अस्पतालले जनाएको छ ।

# ढुंगानासहित पाँच जना सम्मानित

झापा(प्रस) । नेपाल प्रेस युनियन झापा शाखाले ३४ औं स्थापना दिवसको अवसर पारेर संस्थापक अध्यक्ष राजेश ढुंगानासहित पाँच जनालाई सम्मान गरेको छ ।



सम्मानित हुनेहरुमा संस्थापक अध्यक्ष ढुङ्गानासहित पूर्व केन्द्रीय सचिव चिन्तामणि दाहाल, पूर्व केन्द्रीय सदस्यहरू गोविन्दचन्द्र क्षेत्री, लोकराज ढकाल, कृष्ण हुमागाई रहेका छन् । उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाले दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरेका थिए ।

नेपाल प्रेस युनियन झापा शाखाले स्थापना दिवसको अवसर पारेर लोकतन्त्रमा प्रेसको भूमिका विषयक विचार गोष्ठीसमेत सम्पन्न गरेको छ ।

नेपाल प्रेस युनियन झापा शाखाका सभापति गिरीराज भट्टराईको अध्यक्षता , पूर्व उपप्रधान तथा गृहमन्त्रीसमेत रहेका सिटौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेपाल प्रेस युनियन झापा शाखाका उपाध्यक्ष ईश्वर अधिकारीले स्वागत मन्तव्य राखेका थिए।

कार्यक्रममा संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटी, नेपाली काग्रेस झापाका सभापति देउकुमार थेवे, सम्मानितको तर्फबाट नेपाल प्रेस युनियनका संस्थापक अध्यक्ष राजेश ढुंगानालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन सचिव अर्जुन राजवंशीले गरेका थिए।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समयः सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समयः प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समयः दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाईं सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समयः प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरूदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समयः प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयस्क ENT सर्जन
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# युवा संघको अध्यक्षमा पुनः क्षितिज थेबे निर्वाचित



झापा(प्रस) । सत्तासीन नेकपा एमालेको भ्रातृ संगठन राष्ट्रिय युवा संघको अध्यक्षमा क्षितिज थेबे पुनः निर्वाचित भएका छन् । अर्का प्रतिस्पर्धी सुमन पुरीलाई १ सय ८८ मतान्तरले पराजित गर्दै उनी दोस्रोपल्ट अध्यक्षमा निर्वाचित भएका हुन् । थेबेले ७ सय ९६ मत पाउँदा पुरीले ६ सय ८ मत प्राप्त गरे । कुल १ हजार ७ सय ६४ मतदातामध्ये १ हजार ४ सय ४ मत खसेको थियो ।

पुरी यसअघि महासचिव थिए । सर्वसम्मत नेतृत्व चयन गर्ने प्रयास विफल भएपछि थेबे र पुरी प्यानल नै बनाएर निर्वाचनमा होमिएका थिए । मंगलवार बिहानदेखि विद्युतीय मतदान भएको थियो । महासचिवमा थेबे प्यानलका महेश चौलागाईंले ७ सय ५५ मत ल्याउँदा पुरी प्यानलका कुबेर अधिकारीले ६ सय ४९ मत प्राप्त गरे । थेबे प्यानलबाट उपाध्यक्षमा महाराज गुरुङ र विनय शाह, महासचिवमा महेश चौलागाईं, उपमहासचिवमा उपेन्द्र शाही, सचिवमा मदन भण्डारी र पुरी प्यानलका अरुण कुँवर, महिला सचिवमा निशा लिम्बु सुब्बा, मधेसी सचिवमा मोबिन अख्तर आलम विजयी भएका छन् ।

अनुशासन आयोग अध्यक्षमा महमद निजामुदिन (निजाम), निर्वाचन आयोग अध्यक्षमा मदन गिरी, लेखा आयोग अध्यक्षमा कृष्णदत्त जैसी, युवा विज्ञ परिषद्मा चीन लामा निर्वाचित भएका छन् । पुरी प्यानलबाट उपाध्यक्षमा प्रकाश गौतम र पर्वत भण्डारी, महासचिवमा कुबेर अधिकारी, उपमहासचिवमा खेमराज शर्मा, सचिव खुलामा अरुण कुँवर र ध्रुव खड्का, महिला सचिवमा रेशु तामाङ, मधेसी सचिवमा चितरञ्जन यादव उम्मेदवार थिए ।

अनुशासन आयोग अध्यक्षमा अजयजंग शाही, निर्वाचन आयोग अध्यक्षमा शिव रिमाल, लेखा आयोग अध्यक्षमा विक्रम गुरुङ, युवा विज्ञ आयोग अध्यक्षमा मोदनाथ सिलवाल (सन्तोष)ले पुरी प्यानलबाट उम्मेदवारी दिएका थिए । संघको १० औं अधिवेशनले १ सय ६३ जना निर्वाचित गर्नुपर्नेमा ६४ पदमा निर्विरोध निर्वाचित भएका थिए । अधिवेशनको उद्घाटन गत शुक्रबार प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका थिए ।

## कन्काईका आमा छोरीबाट अनलाइन जुवाको कनेक्सन

झापा(प्रस) ।अनलाईन सट्टाबाजी (अनलाईन जुवा) खेलाएको आरोपमा झापाको कन्काई ८ लक्ष्मीपुरबाट पक्राउ परेका आमा छोरीका बारेमा प्रहरीले गहन अनुसन्धान थालेको छ । अमेरिकाबाट संचालन भइरहेको अनलाईन जुवाको एजेन्टको रुपमा काम गर्ने कन्काई ८ लक्ष्मीपुर बस्ने ४१ वर्षीया इन्दिरा प्रसाई र उनकी छोरी २१ वर्षीया सिमरन प्रसाई गत मंगलवार राति पक्राउ परेका थिए । प्रहरीले उनीहरुका बारेमा अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी विजय श्रेष्ठले बताए ।

पक्राउ परेकै दिन अदालतबाट ४ दिनको अनुमति लिएर प्रहरीले अनुसन्धान थालेको हो ।४ दिनको अनुसन्धान पूरा भएपछि आमा इन्दिरा प्रसाईलाई हाजिरी जमानीमा छाडिएको र छोरीलाई थप म्याद मागेर हिरासतमै राखेर अनुसन्धान गरिरहेको श्रेष्ठले जानकारी दिए । ती आमा छोरीले अनलाइन जुवाको कनेक्सन गराइदिने काम गरेको खुलेको छ । उनीहरुकै मार्फत धेरैले अनलाईन जुवा खेलेको खुल्न आएको हो ।


## नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।

### नियमित स्वास्थ्य परीक्षण किन ?

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

त्यसैले,

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## एक्सेल डेभलपमेन्ट बैंक लि.

Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )

Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

### संस्थापक सेयर खरिद गर्न चाहनु हुने संस्थापक शेयरधनी महानुभावहरुलाई सूचना

सूचना प्रकाशित मिति : २०८२।०२।१४

यस विकास वैंकका संस्थापक शेयरधनी हेमन्त गोल्छाले आफ्नो नाममा रहेको संस्थापक सेयर ८,१३७ (आठ हजार एक सय सैतिस) कित्ता शेयर प्रतिकित्ता रु २९०।–(मूल्यमा Negotiation हुनसक्ने) का दरले विक्री गर्ने इच्छा जाहेर गरी निवेदन गर्नु भएको र संचालक समितिको वैठकमा पेश हुँदा उक्त संस्थापक शेयर खरिद गरी लिन इच्छुक हाल कायम यस विकास वैंकका संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनु पर्ने व्यवस्था रहेकाले संस्थापक शेयरधनीहरुको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशन गर्ने लगायतका आवश्यक प्रकृया अगाडी वढाउने निर्णय भएकाले संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कुनै संस्थापक शेयरधनी महानुभावलाई विकास वैंकको संस्थापक शेयर खरिद गरी लिने इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी यस विकास वैंकको केन्द्रीय कार्यालय विर्तामोड झापामा के कति शेयर कित्ता के कति दरले खरिद गरी लिनुहुने हो सो व्यहोरा खुलाई निवेदन दिनु हुन सूचित गरिन्छ । संस्थापक शेयर खरिद गरी लिने सम्वन्धमा तोकिएको उक्त म्यादभित्र हाल कायम संस्थापक शेयरधनी महानुभावहरुको इच्छा जाहेर हुन नआएमा वा सवै शेयर खरिद गरी लिन निवेदन नपरेमा बाँकी रहन गएको शेयर कित्ता प्रचलित नियमानुसार अन्य व्यक्तिलाई विक्री गर्ने सम्वन्धी आवश्यक कारवाही अघि वढाईने व्यहोरा समेत सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सहारा नेपाल (साकोस)लि.

**मुल कार्यालय,बिर्तामोड न.पा.-२ चारपाने**

### सूचीकृत हुनको लागि आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०२/१४

सहारा नेपाल बचत तथा ऋण सहकारी लि. लाई आ.व. २०८२/८३ को लागि निम्न अनुसारका सामग्रीहरु आवश्यक रहेको हुदा निम्न अनुसारका विवरण र शर्तहरु सहित इच्छुक ब्यक्ति, फर्म, संस्था, कम्पनी, सप्लायर्सहरुबाट सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयभित्र सूचीकृत हुनको लागि लिखित आवेदन आव्हान गरिन्छ ।

**सूचीकृत विवरण** :

१. **स्टेशनरी सामानहरु** : नेपाली फायल, इन्डेक्स फायल, कोब्रा फायल, फोटोकपी पेपर, खाम, नेपाली कागज, रजिष्टर, कपी, फोटोकपी पेपर, प्रिन्टर कार्टेज, प्रिन्टर मसी, फोटोकपी मसी, सदस्य तथा कर्मचारी क्ष्म ऋबचम एचष्लत, अन्य आवश्यक स्टेशनरी सामान ।

२. **छपाई सम्बन्धी कार्यहरु** : मसलन्द छपाई, त्रैमासिक पत्रिका, बार्षिक प्रतिवेदन, क्यालेण्डर, बुलेटिन अन्य प्रतिवेदन, साईन बोर्ड, होडिङ्ग बोर्ड ।

३. **फर्निचर सामानहरु** : टेबल, कुर्सी, स्टील दराज, स्टील र्‍याक, डाईनिङ्ग टेबल, प्लास्टिक कुर्सी, कम्प्युटर टेबल अन्य फर्निचर सामानहरु

४. **कम्प्युटर तथा प्रिन्टर** : डेस्कटप कम्प्युटर, ट्याब्लेट, मोनिटर, ल्यापटप, प्रिन्टर, एल.क्यु प्रिन्टर ।

५. **कार्यालय उपकरण** : टीनको बाकस, चेक राईटर, स्क्यानर, सेफ, नोट गणना मेशिन, नोट डिटेक्टर मेशिन, लुज नोट गणना मेशिन, फेन, ब्याट्री, इन्भर्टर, स्टेपलाईजर, सी.सी.क्यामेरा, राउटर, अनलाईन यु.पि.एस, मोवायल ।

६. **मर्मत सम्बन्धी कार्यहरु** : कम्प्युटर इक्युपमेन्ट मर्मत, काठका फर्निचर मर्मत, स्टिलका फर्निचर मर्मत, विद्युतीय सामग्री मर्मत, वायरिङ्ग सम्बन्धी कार्यहरु, प्लम्बिङ्ग सम्बन्धी कार्यहरु ।

७. **कुरियर सेवा** :

**आवश्यक कागजातहरु** :

१. फर्म दर्ता, ब्यवसाय प्रमाणपत्र, आ.ब. ०८०/०८१ को कर चुक्ता प्रमाणपत्र (कर कार्यालयबाट नवीकरण भएको हुनु पर्नेछ) ।
२. सप्लायर्सहरुको आफ्नो कार्यालय वा पसल हुनु पर्नेछ ।
३. निवेदन आफ्नो फर्मको लेटर प्याडमा लेखी माथि उल्लेखित कागजातहरु संलग्न गरेको हुनु पर्नेछ ।
४. पसलको ठेगाना, सम्पर्क नम्बर, फर्मको छाप प्रष्ट उल्लेख गरेको हुनु पर्नेछ ।
५. सूचीकृत दर्ताको लागि निवेदन दिने मध्येबाट उपयुक्त ठहरिएका कम्पनी, फर्मलाई मात्र सूचीकृत गरिने छ ।
६. फर्मलाई सूचीकृत गर्ने, नगर्ने र रद्द गर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।

**सहारा नेपाल (साकोस)लि.**
**मुल कार्यालय,बिर्तामोड न.पा.-२ चारपाने**
**फो.न. ०२३-५३११९८, ०२३-५३३४०८**

असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

### कर्जा बुझाउने सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/२/१४

यस संस्थाको बचत तथा ऋण व्यवसाय अन्तर्गतको सेवाकेन्द्रसँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सुचित गरिन्छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल :**

| क.सं. | ऋणीको नाम, थर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/ पत्नी | जग्गाधनीको नाम | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|
| १. | मनु थाम्देन | हल्दिबारी-१ | रण बहादुर कुँवर | पृथ्वीलाल कुँवर | नर बहादुर थाम्देन | नर बहादुर थाम्देन | गोलधाप |
| २. | टिकाराम कडरिया | हल्दिबारी-१ | रामलाल कडरिया | बलभद्र कडरिया | चन्द्रमाया पाठक | टिकाराम कडरिया रामलाल कडरिया | गोलधाप |
| ३. | निर्मला लिम्बु | हल्दिबारी-५ | चन्द्र प्रसाद लिम्बु | बजाहाङ लिम्बु | धन बहादुर धिमाल | चन्द्रमाया लिम्बु | गोलधाप |
| ४. | निर्मला विश्वकर्मा | बाह्रदशी-५ | नर बहादुर विश्वकर्मा | | वीर बहादुर विश्वकर्मा | निर्मला विश्वकर्मा | गोलधाप |
| ५. | दिलिप कुमार लिम्बु | हल्दिबारी-१ | खड्ग बहादुर लिम्बु | हाङपाल सिंह लिम्बु | नुमा लिम्बु | आईतरानी नेम्बाङ | गोलधाप |
| ६. | भिम बहादुर मगर | बाह्रदशी-५ | दल बहादुर मगर | गणेशमान मगर | अनिता मगर | सुकमाया मगर | गोलधाप |
| ७. | जुनीमया लिम्बु | बाह्रदशी-५ | मानबहादुर थापामगर | विर्जमान थापा मगर | पिताम्बर लिम्बु | पिताम्बर लिम्बु | गोलधाप |
| ८. | इश्वर बहादुर मगर | भद्रपुर-२ | दल बहादुर मगर | बिर्खमान मगर | सरु मगर | ईश्वर बहादुर मगर | सगरमाथा |
| ९. | शिला देवी कोइराला | भद्रपुर-२ | देवी प्रसाद ढुङगेल | चन्द्र प्रसाद ढुङगेल | रोहित कुमार कोइराला | लिलावती कोइराला | सगरमाथा |
| १०. | कुमारी देवी भण्डारी | भद्रपुर-२ | गोकुल सिंह क्षेत्री | कर्ण बहादुर क्षेत्री | रण बहादुर भण्डारी | कुमारी देवी भण्डारी | सगरमाथा |
| ११. | साकिर शेख | भद्रपुर-५ | अकबर शेख | उसमान शेख | अंगुरी शेख | साकिर शेख | भद्रपुर |
| १२. | संगिता रसाईली | भद्रपुर-५ | गम्भिर कामी | धन बहादुर कामी | सौगात रसाईली | पुर्ण बहादुर रसाईली | भद्रपुर |
| १३. | मीना देवी राजवंशी | भद्रपुर-६ | डमालाल राजवंशी | | दिलो राजवंशी | मीना देवी राजवंशी, दल सिंह राजवंशी | भद्रपुर |
| १४. | अमिला राजवंशी | भद्रपुर-४ | कार्तिकलाल राजवंशी | केसर राजवंशी | श्यामलाल राजवंशी | अमिला राजवंशी | भद्रपुर |
| १५. | अन्जना दाहाल | भद्रपुर-४ | राम प्रसाद गौतम | एकराज गौतम | मोहन प्रसाद दाहाल | अन्जना दाहाल | भद्रपुर |
| १६. | चन्द्रकला विश्वकर्मा | भद्रपुर-३ | चन्द्र बहादुर विश्वकर्मा | गंगा बहादुर विश्वकर्मा | बाबुलाल विश्वकर्मा | बाबुलाल विश्वकर्मा | भद्रपुर |
| १७. | चन्द्रावती राजवंशी | कचनकवल-६ | बौदा राजवंशी | गेदु राजवंशी | हरिलाल राजवंशी | हरिलाल राजवंशी | बनियानी |
| १८. | तेस्लिमा खातुन (मिया) | कचनकवल-६ | कफिल दिन मिया | ग्यासुदिन मिया | रजमुदिन मिया | कफिलदिन मिया समेरा खातुन मिया | बनियानी |
| १९. | बिजय कुमार गणेश | भद्रपुर-१ | जतुलाल गणेश | कदुलाल गणेश | | बिजय कुमार गणेश | बनियानी |
| २०. | तेजलाल राजवंशी | कचनकवल-६ | मेहेर सिह राजवंशी | डुमकु राजवंशी | गंगावति राजवंशी | तेजलाल राजवंशी | बनियानी |
| २१. | प्रविन राजवंशी | झापा-१ | महादेव प्रसाद राजवंशी | राम प्रसाद राजवंशी | सरिता कुमारी राजवंशी | महादेव प्रसाद राजवंशी | बनियानी |
| २२. | महमद दिल्साद आलम | बाह्रदशी-४ | महमद नसरुल्लाह मुनादी | मुन्सी हेपाजत | अविवाहित | महमद दिल्साद आलम | राजगढ |
| २३. | अम्बिका देवी संग्रौला | बाह्रदशी-३ | बलराम खरेल | चन्द्रप्रसाद खरेल | गुरुभक्त संग्रौला | गुरुभक्त संग्रौला | राजगढ |
| २४. | कन्चन शाह | बाह्रदशी-४ | देवनारायण शाह | विरेनलाल शाह | राजकिशोर शाह | बचनलाल शाह /कन्चन शाह | राजगढ |
| २५. | सुशिला राजवंशी | बाह्रदशी-३ | सुदनलाल राजवंशी | दर्शन राजवंशी | राम बहादुर राजवंशी | देवती राजवंशी | राजगढ |
| २६. | बचनलाल शाह | बाह्रदशी-४ | शिवजी शाह | बुधन शाह | रामदुलारी शाह | बचनलाल शाह, रामदुलारी शाह | राजगढ |
| २७. | देवी प्रसाद रेग्मी | बाह्रदशी-५ | जिवनाथ रेग्मी | रुद्र नारायण रेग्मी | जमुना देवी रेग्मी | देवी प्रसाद रेग्मी | राजगढ |
| २८. | बिमला ढकाल | भद्रपुर-९ | लक्ष्मी प्रसाद पाण्डे | देव नारायण पाण्डे | जिवन ढकाल | बिमला ढकाल | चन्द्रगढी |
| २९. | मधु पौडेल | भद्रपुर-८ | गुणराज पौडेल | कपिलमणी पौडेल | अविनाश ढुङ्गाना | अविनाश ढुङ्गाना | चन्द्रगढी |
| ३०. | आरती राजवंशी | भद्रपुर-१० | नारायण प्रसाद राजवंशी | सितलाल राजवंशी | प्रभाकर राजवंशी | दधिराज राजवंशी/ससुरा बुहारी | चन्द्रगढी |
| ३१. | चेतन प्रसाद बास्कोटा | भद्रपुर-७ | वेद प्रसाद बास्कोटा | रंगलाल बास्कोटा | उषा गिरी बास्कोटा | उषा गिरी बास्कोटा | चन्द्रगढी |
| ३२. | गोपाल कार्की | हल्दिवारी-५ | खान बहादुर कार्की | देवी लाल कार्की | लक्ष्मी थापा कार्की | गोपाल कार्की | बडाबारी |
| ३३. | राज कुमार राजवंशी | कचनकवल-३ | पदम बहादुर राजवंशी | भुटीखुवा राजवंशी | दिपा कुमारी राजवंशी | राज कुमार राजवंशी र राम कुमार राजवंशी | पथरिया |
| ३४. | हेपेजुल मिया | कचनकवल-४ | कालिमुदिन मिया | गफर मिया | सबेदा मिया | हेपेजुल मिया | पथरिया |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
भद्रपुर केचना क्षेत्रीय उपसमिति

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# शिक्षक जिम्मेवार बन

नेपालका धेरै सामुदायिक विद्यालयमा यतिबेला विद्यार्थी संख्या घट्दो छ। तर विद्यार्थी घटे पनि शिक्षक भने कायमै छन्। यही कारण कतिपय विद्यालय एकापसमा गाभिएका छन् भने कतिपयचाहिँ विभिन्न कारणले गाभिन पनि सकेका छैनन्। गाभिन पनि नसकेका र विद्यार्थी अभावमा पठनपाठन पनि हुन नसकेका विद्यालयमा पनि स्थानीय सरकारले तलव र सुविधा भने पठाइरहेको छ। जसका कारण जनताले तिरेका करको दुरूपयोग भइरहेको छ।

महालेखा परीक्षकको ६२औँ प्रतिवेदनले सबै स्थानीय तहले शिक्षक दरबन्दी मिलान गर्नुपर्नेमा ६९ वटा तहले मात्र यस्तो काम गरेको उल्लेख गरेको छ। यसबाट पनि विद्यालय तहको शिक्षा व्यवस्थापन गर्ने अधिकार पाएको स्थानीय तह शिक्षक मिलानप्रति संवेदनशील नभएको देखिन्छ। यस्तो अवस्थाले एकातिर शिक्षाका लागि बजेट खर्च भइरहेको देखिने तर वास्तविक शिक्षामा भने खर्च नभएको अवस्था प्रष्ट हुन्छ। तर पनि स्थानीय तहहरू यस्तो महत्वपूर्ण विषयमा संवेदनहीन हुनु चिन्ताको विषय हो।

निजी विद्यालयमा कार्यरत शिक्षकहरू जागिर जोगाउने एक मात्र उद्देश्यले इमानदारीपूर्वक पढाउँछन्। मेहनत बढी गर्छन्। त्यहाँ नियुक्त गर्ने र बर्खास्त गर्ने प्रक्रिया कार्यसम्पादनमा आधारित हुन्छ। त्यसैले यस्ता विद्यालयको शैक्षिक अवस्था उन्नत देखिन्छ। तर यसको ठीक विपरित सामुदायिक विद्यालयका शिक्षकहरू भने नपढाउँदा पनि तलव सुविधा पाउँछन्। उनीहरू कसैप्रति उत्तरदायी हुनु पर्दैन। सरकारी तलव खाएर सरकारकै विरुद्ध आन्दोलन गर्ने सुविधासमेत उनीहरूलाई उपलब्ध छ। दुनियामा नभएको यही सुविधाका कारण सरकारी विद्यालयहरू क्रमशः गाभ्नुपर्ने अवस्थामा पुगिरहेका छन्। यस्तो अवस्थामा विद्यार्थीभन्दा शिक्षक बढी हुनु कुनै अनौठो हुँदैन।

एकाध साताअघि मात्र देशभरका शिक्षकले आन्दोलन गरे। पठनपाठन बन्द गरे। उनीहरूका मागमा आफ्नो सुविधा बढाउनुपर्ने, पदोन्नति हुनुपर्ने, एकपन्ने निवेदन दिएर चाकडीका भरमा विद्यालय छिरेका र प्रतिस्पर्धामा पटक-पटक अनुत्तीर्ण भएकालाई पनि स्वतः वा नाम मात्रको प्रक्रिया पुऱ्याएर स्थायी गर्नुपर्ने जस्ता विषय उल्लेख थिए। तर गिर्दो शैक्षिक अवस्था सुधार्न गर्नुपर्ने कार्यभारबारे मागपत्र मौन थियो। न उनीहरूले शैक्षिक गुणस्तर सुधार्न सरकारले गर्नुपर्ने कामबारे सवाल उठाए न त माग पूरा गरे शैक्षिक उन्नयनका लागि आफूहरू यतिसम्म गर्न तयार छौँ भन्ने प्रतिबद्धता नै जनाए। सित्तैमा विद्यार्थीको एकाध महिनाको पढ्न पाउने अधिकार मात्र हनन गरे। अनि विद्यार्थीलाई अनुशासनहीन बन्न प्रेरित गरे।

यी र यस्तै कारण हुन् कि सरकारी विद्यालयहरू क्रमशः रित्तिने क्रम जारी छ। आफ्ना सन्तान निजीमा पढाउने, आफू पनि निजीमै लगानी गर्ने तर सरकारी विद्यालयको शिक्षकका रूपमा राष्ट्रको दोहन गर्न भने छाड्दै नछाड्ने कसम खाएर लागेका उनीहरूको व्यवहारले प्रष्ट पार्छ। यस्तो अवस्थामा शिक्षक र विद्यार्थी बराबर हुनु, शिक्षकभन्दा विद्यार्थी कम हुनु वा एकजना शिक्षकले चार-पाँच जना विद्यार्थीलाई मात्र पढाउनुपर्ने अवस्था आइलाग्नु र अन्तिममा त्यो पनि घट्दै गएर गाभिने अर्को विद्यालयको खोजीमा भौतारिनुपर्ने अवस्थाले हाम्रो सामुदायिक विद्यालयको बढ्दो गतिछाडा प्रवृत्ति उजागर गर्छ। यस्तो अवस्थाको मूल उपचार भनेको शिक्षकलाई जिम्मेवार बनाउनै पर्छ ।




# दूरदर्शी नेतृत्वको पहिचान



डा.ज्ञानेन्द्रबहादुर कार्की

नेता तथा नेतृत्वको परिभाषा विभिन्न विद्वान्ले जसरी गरे पनि राजनीतिक आँखाबाट हेर्दा नेता भनेको देश र जनताले दीर्घकालसम्म स्मरण गर्न लायकका विचार र व्यवहारले खारिएको व्यक्तित्व हुन् । नेतृत्वले परिवर्तनलाई बुझेर मेहनत र परिश्रम गरी संविधान, विधि, पद्धति, विधान र नियम कानुनलाई पूर्ण पालना गर्दै मुलुकलाई परिवर्तनको दिशामा गतिशील बनाउने दक्षता देखाउन सक्नु पर्छ । असल नेतृत्वले सिद्धान्तलाई व्यवहारमा उतार्न कहाँ, कसरी र कुन परिस्थितिमा लागु हुन्छ र हुन सक्छ भन्ने कुराको आकलन गरी कार्यान्वयनमा जोड दिन्छ । समयसापेक्ष परिवर्तनको संवाहक बनेर कुशलतापूर्वक देश र जनताप्रति समर्पित भई सुधारका नीति तथा कार्यक्रम अगाडि बढाउँछ । विशेषतः सिद्धान्त, विचार र नियमलाई जीवनभर अनुसरण गर्दै भावी नेतृत्व विकासमा निरन्तर काम गरिरहन्छ ।

नेतृत्वले राजनीतिक चेतनाको स्तर उकास्दै पार्टीको सिद्धान्त, नीति तथा कार्यक्रम अनुसार सङ्घर्षशील भएर आफू र समाजलाई परिवर्तन गर्न्न सक्षम हुनु पर्छ । मेहनतका साथ अध्ययनलाई निरन्तरता दिई आफ्ना अवगुण, गलत विचार, स्वार्थ, पूर्वाग्रही सोच, आनीबानी, आचरणमा सुधार गरेर आफूलाई सामर्थ्यवान् बनाउँदै समाजको हित र प्रगतिमा रमाउन सक्ने हुनु पर्छ । देश र जनताको अवस्थामा सुधार गर्दै नेतृत्वले आफूलाई लोकतान्त्रिक पद्धतिमा अभ्यस्त बनाई इमानदार र वैचारिक स्पष्टताका साथ क्षमता प्रदर्शन गर्न सक्नु पर्छ । अध्ययन र अनुसन्धानलाई प्राथमिकतामा राखेर सही दृष्टिकोण तथा मतको समर्थन र गलत विचारको तथ्यगत खण्डन गर्ने परिपाटीलाई प्रोत्साहित गर्नु पर्छ । नेतृत्वको असल विचार, दृष्टिकोण, कार्यशैली र व्यवहारले नै एकातिर मुलुकलाई गतिशील बनाउँछ भने अर्कोतिर पार्टीलाई उचाइमा पुऱ्याउँछ ।

असल नेतृत्वका रूपमा अगाडि बढ्न अवधारणागत क्षमता, मानवीय व्यवहारको क्षमता, प्राविधिक तथा कार्यशैलीगत क्षमताको विकासमा जोड दिनु पर्छ । यिनै क्षमताको आधारमा नेतृत्वले अनुयायीलाई परिचालन गरी पार्टीको नीति र सिद्धान्त अनुसार राष्ट्र निर्माणको अभियानमा क्रियाशील हुनु पर्छ । नेतृत्वले अर्काको कमीकमजोरी, गल्ती खोज्नुभन्दा पहिले आफ्ना कमजोरी र गल्ती खोज्ने बानी बसाली आफूलाई सुधार्नु पर्छ । त्यस्तो बानीले अरूको विश्वास जित्नुका साथै गल्तीको जिम्मेवारी लिने इमानदार नेतृत्वको विकासमा सहयोग पुग्छ । विरोधीहरूसँग पनि वैरभाव नराखी सकारात्मक सोचका साथ व्यवहार गर्दै स्पष्ट दृष्टिकोण तथा मार्गचित्रसहित अगाडि बढेर आमजनताको विश्वास जित्नु पर्छ । साथै नयाँ परिस्थितिको सामना गर्न्न सक्ने विचार, चेतना, कार्यक्रम तयारी गरेर बदलिएको परिस्थितिलाई समाल्न सक्ने क्षमताको विकासमा विशेष जोड दिनु पर्छ ।

नेतृत्वमा असीम आत्मविश्वास, दूरदर्शिता, साहस, हिम्मत हुनुका साथै धैर्यवान्, सहनशीलता, विचारमा अडिग, निरन्तर खट्न सक्ने, प्रविधि र समाजप्रति सचेत हुने, सबैलाई समेट्न सक्ने, जीवनदेखि कहिल्यै नहार्ने उच्च मानसिकताको विकास हुनु पर्छ । नेतृत्व परिवर्तनको संवाहक भएको हुँदा परिवर्तनलाई सार्थक बनाउन मन, वचन र कर्मले इमानदारिताका साथ काम गर्न सक्नु पर्छ । साथै नेतृत्वमा पार्टी निर्माण गर्ने साहस, सिर्जनशील राष्ट्र निर्माणको सोच र विश्वलाई हेर्ने दृष्टिकोण स्पष्ट हुनु पर्छ । आत्मनिर्भरता तथा स्वाधीन अर्थतन्त्रको निर्माण, राष्ट्रिय स्वाभिमान र समृद्धिको बाटोमा मुलुकलाई अगुवाइ गरिरहन सक्ने क्षमता राख्नु पर्छ ।

नेतृत्वले कामलाई प्राथमिकतामा राखेर अगाडि बढ्ने व्यावहारिक नीतिमा जोड दिनु पर्छ । जिम्मेवारीमा रहँदा स्वाभिमानको सोच सधैँ बलियो बनाउँदै, व्यक्तिवादी चिन्तन र सोचलाई त्यागेर संस्थागत विकास र संस्थागत निर्णयमा जोड दिनु पर्छ । असल र सफल बन्नका लागि राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरको कुनै किसिमको प्रलोभनमा फस्नु हुँदैन । नेतृत्वले आर्थिक प्रलोभनमा परेर दुनियाँमा सबैभन्दा ठुलो बदनामी कमाउनुका साथै मुलुकलाई बर्बाद गरेका छन् । त्यसैले द्रव्य नै सबैथोक हो भन्ने ठानेर विधि र पद्धति मिच्दै अनैतिक क्रियाकलापमा लाग्ने कुरा सोच्नु पनि हुँदैन । नेतृत्वले विज्ञको विज्ञतालाई आत्मसात् गर्दै उनीहरूको सुझावप्रति विश्लेषणात्मक निर्णय लिन सक्ने क्षमताको विकास गर्दै निरन्तर रूपमा लेखन तथा अध्ययनमा पनि अभ्यस्त रहनु पर्छ ।

नेतृत्व भनेको निर्धारित लक्ष्य हासिल गर्न अनुयायीलाई निरन्तर रूपमा निर्देशित गर्ने, मार्गदर्शन गर्ने र प्रभाव पार्ने शक्ति हो । त्यसैले नेतृत्वले सच्चा, इमानदार, निष्ठावान्, लगनशील भएर अनुयायीलाई उत्साहित गर्नु पर्छ । साथै नेतृत्व प्रसन्नताका साथ मानसिक तथा शारीरिक रूपमा स्वस्थ एवं सुदृढ हुँदै कडा परिश्रम गरेर कुशलतापूर्वक नेतृत्व प्रदान गर्नु पर्छ । नेतृत्वले सर्वसत्तावादी मनसाय कहिल्यै राख्नु हुँदैन, त्यसले पार्टी र लोकतन्त्रलाई कमजोर बनाउनुका साथै नेतृत्वप्रति जनविश्वास घटेर जान्छ । त्यस्तो मनोवृत्तिले नेतृत्वमा फुट बोल्ने, जालझेल र षड्यन्त्र गर्ने, सत्ता र धनका लालची हुने, विलासी जीवन बिताउने, चिन्तन मनन नगर्ने, सहकर्मी तथा प्रतिस्पर्धी मित्रलाई दुस्मनको व्यवहार गर्ने, नीति नियमको पालना नगर्ने, अपारदर्शी हुने जस्ता अवगुणको विकास हुँदै जान्छ ।

नेतृत्वले सही समयमा सही नेतृत्वलाई सत्ता हस्तान्तरण गरी भावी राष्ट्र निर्माणको नेतृत्व गर्ने जनशक्तिको विकास गर्नु पर्छ । असल तथा सक्षम नेतृत्व विकासले मात्र अति सङ्कटका बेलामा पनि सफलतापूर्वक मुलुकले असल नेतृत्व पाउँछ । नेतृत्वले राजनीतिक चेतनाको स्तर उकास्दै आफ्ना अवगुण, गलत विचार, स्वार्थ, पूर्वाग्रही सोच, आनीबानी तथा आचरणमा सुधार गरेर आफूलाई सामर्थ्यवान् बनाउँदै समाजको हित र प्रगतिमा रमाउनु पर्छ । सफलताको खोजीमा दुःख र निराशाले पनि घेरा हाल्न सक्छ तर सत्य सिद्धान्तको मार्गमा अगाडि बढेको तथा जित्ने दृढ सङ्कल्प बोकेको नेतृत्वले सफलता प्राप्त गरेरै छाड्छ ।

आफूले गरेको उपलब्धिको बखान नगरी भविष्यमा कामलाई थप उपलब्धिमूलक कसरी बनाउन सकिन्छ भन्नेबारे कोसिस जारी राख्नु पर्छ । कामको गति बढाएर नै सपना, योजना, लक्ष्यलाई मूल्यवान् बनाउन सकिन्छ, त्यसैले नेतृत्वले कामलाई उपलब्धिमूलक शक्तिका रूपमा स्वीकार गर्नु पर्छ । नेतृत्वले देश, जनता र पार्टीको भविष्यलाई ध्यानमा राखेर मुलुक निर्माणको सपना देख्नु पर्छ । सपनाभित्र नै असीमित ऊर्जा र उत्साह भरिएको हुन्छ, त्यसले सही गन्तव्यमा डोऱ्याउने र जनतामा आशाको ज्योति जगाउने गर्छ ।

नेतृत्वले लक्ष्यमा पुग्न दूरदृष्टि राखेर लगनशील भई निरन्तर नेतृत्व क्षमताको विकास गर्नु पर्छ । त्यसका लागि अध्ययन गर्ने, जिम्मेवारीप्रति प्रतिबद्ध भएर काम गर्ने, छलछाम नगर्ने, हरेक काम तुरुन्त गर्ने बानी बसाल्ने, बहानाबाजी गरेर नपन्छिने, मित्रलाई उत्साहित पार्ने, विगतका गल्ती कमजोरीलाई सुधार्ने जस्ता सकारात्मक सोचका साथ अगाडि बढ्नु पर्छ । नेतृत्व सफल हुनुको प्रमुख कारण भनेको तत्काल सही निर्णयमा पुग्ने क्षमता हुनु नै हो । त्यसैले निर्णयप्रति आलटाल नीति लिनु हुँदैन र निर्णय बदल्नु परेको खण्डमा पनि हतार नगरी सोच विचार गरेर नयाँ निर्णय लिन सक्नु पर्छ । तत्काल निर्णयमा पुग्ने भन्दा पनि पहिले अरूका कुरा ध्यानपूर्वक सुन्ने र हेर्ने अनि सही निर्णय लिने आदतको विकास गर्न जरुरी हुन्छ ।

राजनीतिलाई सेवाभन्दा पेसाका रूपमा बुझ्दा नेतृत्व विकासमा समस्या भएको छ । अबको पुस्तालाई पार्टीको सिद्धान्त, नीतिसँग व्यवहारलाई जोड्ने रणनीति लिई मुलुक निर्माणमा सकारात्मक सोचका साथ परिचालन गर्न सक्नु पर्छ । उत्पादनमा युवाशक्ति अभियान चलाई आर्थिक अनुशासन कायम गरेर मुलुकको अर्थतन्त्र बलियो बनाउनु पर्छ । राष्ट्र निर्माणका लागि निःस्वार्थ ढङ्गले कडा परिश्रम गर्न सक्ने तथा बौद्धिक क्षमताको विकासमा जोड दिन सक्ने सामर्थ्यवान् राष्ट्रवादी शक्ति अपरिहार्य छ ।

# गणतन्त्रपछि राजस्व मार्गचित्र



कृष्णहरि बाँस्कोटा

आर्थिक वर्ष २०८२/८३ का लागि १९ खर्बको बजेट निर्माण हुनुपर्ने राष्ट्रिय योजना आयोगको अभिमत छ । यस्तो खर्चको स्रोत जुटाउने सन्दर्भमा राजस्व असुलीको हिस्सा करिब १३/१४ खर्ब हुने प्रारम्भिक अनुमान छ । कारण दाताको अनुदान रकम करिब ५० अर्बभन्दा बढी अपेक्षा गर्न सकिन्न । जबकि आन्तरिक ऋणबाट अधिकतम तीन खर्ब र बाह्य ऋणबाट दुई खर्ब ५० अर्बभन्दा बढी प्राप्तिको अपेक्षा गर्न सकिन्न । मुलुकको चालु खर्च बढ्दै जाने, दाताको सहयोग घट्ने र राजस्व असुली पनि खस्किने परिस्थितिले हामी क्रमशः असजिलो मोडमा पुगिरहेको पूर्वाभास हुन थालेको छ ।

### जनआन्दोलन-२ को पूर्वसन्ध्या

२०४६ सालमा पहिलो जनआन्दोलन सफल भयो । जसको परिणामस्वरूप २०४७ सालमा नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो । मुलुक क्रमशः खुला अर्थनीति अर्थात् आर्थिक उदारीकरणतर्फ उन्मुख भयो । आर्थिक क्षेत्रमा आधारभूत रूपमै उपलब्धि हासिल भए । कालान्तरमा राजनीतिले अपेक्षित परिवर्तनको आभास दिन सकेन । जस कारण २०६२/६३ मा जनआन्दोलन-२ भयो । यसको पूर्वसन्ध्यामा मुलुकको राजस्व असुलीको वृद्धिदर लगभग शून्यमा पुगेको थियो । केही समय जनआन्दोलन-२ लम्बिएको भए राजस्व असुलीको वृद्धिदर ऋणात्मक हुने लगभग पक्का थियो ।

### जनआन्दोलन-२ पछिको सुधार

जनआन्दोलन-२ को सफलतापछि संसद् पुर्स्थापित भयो । गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बन्नुभयो । डा. रामशरण महत अर्थमन्त्री नियुक्त हुनुभयो । अर्थ मन्त्रालयमा अर्थ सचिवको अलावा राजस्व सचिवको पद सिर्जना भयो । राजस्व असुलीमा उत्साहजनक वृद्धि हुँदै गयो । मुलुकको चालु खर्च थेग्न सक्ने गरी राजस्व असुलीको वृद्धि दर कायम हुन थाल्यो । दाताबाट पनि सहयोग रकममा वृद्धि भयो । यसरी मुलुक क्रमशः आर्थिक सबलीकरणतर्फ उन्मुख हुँदै गयो । यसबाट खुला, उदार एवं अधिकतम लोकतान्त्रिक प्रणालीमा मात्रै राजस्व वृद्धि हुने कटुसत्य उजागर भयो ।

### गणतन्त्रपछिको छलाङ

जनआन्दोलन-२ को सफलतापछि पुनर्स्थापित संसद्बाट गणतन्त्र घोषित भयो । संविधान निर्माण गर्न संविधान सभाको निर्वाचन भयो । यसमा ठुलो दलका रूपमा नेकपा (माओवादी) को उदय भयो । सो दलका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री हुनुभयो । डा. बाबुराम भट्टराई अर्थमन्त्री हुनुभयो । रामेश्वर खनाल अर्थसचिव हुनुहुन्थ्यो भने पङ्क्तिकार राजस्व सचिव थियो । आव २०६५/६६ को बजेट जारी भयो । सो वर्ष करिब साढे ३३ प्रतिशतले राजस्व असुलीमा वृद्धि भयो । २००८ सालमा पहिलो पटक तत्कालीन अर्थमन्त्री सुवर्ण शमशेरले बजेट जारी गरे उप्रान्त सर्वाधिक राजस्व वृद्धि भएको त्यही वर्ष हो । यो रेकर्ड हालसम्म कायमै छ । यसपछि सुरेन्द्र पाण्डे, भरतमोहन अधिकारी तथा वर्षमान पुन अर्थमन्त्री हुँदा पनि पङ्क्तिकार राजस्व सचिव र अर्थ सचिवको जिम्मेवारीमा रहँदा राजस्व असुलीको औसत वृद्धिदर २५ प्रतिशत रहेको स्मरणमा ताजा नै छ । हालका दिनमा यस्तो वृद्धिदर १२/१५ प्रतिशतको हाराहारीमा छ ।

### सफलताको कारक तत्व

त्यतिबेला राजस्व असुलीमा कसरी सफलता हासिल भयो भन्ने जिज्ञासा हुनु स्वाभाविकै हो । यसको पहिलो प्रमुख कारण अर्थ मन्त्रालयको राजनीतिक र प्रशासनिक नेतृत्व प्रभावकारी हुनु नै हो । माथिल्ला पदका पदाधिकारीले राजस्व वृद्धिलाई आफ्नो सफलताको उच्च प्राथमिकतामा राखेपछि कर र भन्सार प्रशासन स्वतः नै चलायमान हुन्छ । दोस्रो, खुला सिमानामा हुन सक्ने सम्भावित चोरीनिकासी तथा पैठारीप्रति निकै कडाइ गरिएको थियो । यसको प्रत्यक्ष असरबाट राजस्व वृद्धि भएको हो । तेस्रो, आन्तरिक राजस्व विभाग र भन्सार विभागको महानिर्देशक तथा आन्तरिक राजस्व कार्यालय र भन्सार कार्यालयको नेतृत्व तुलनात्मक रूपमा सक्षम अधिकृतलाई दिँदा पनि राजस्व बढोत्तरीमा सफलता हात परेको थियो । चौथौ, निजी क्षेत्रलाई उद्योग र व्यापार सञ्चालनमा सहजीकरण गर्दै राजस्व असुली दबाबमा राख्दा पनि राजस्व असुलीमा अनुकूल प्रभाव परेको थियो । पाँचौँ, करको दर बढाउनुको सट्टा दायरा फराकिलो गर्न सञ्चालन गरिएका रचनात्मक कार्यले पनि राजस्व असुलीमा टेवा पुगेको थियो । हालका दिनमा पनि यिनै उपाय र विधिलाई निरन्तरता दिनुको विकल्प छैन ।

### कोरोना सङ्क्रमणले खस्किएको राजस्व

कोरोना सङ्क्रमणले विश्वव्यापी स्तरमै अर्थतन्त्रलाई तहसनहस पाऱ्यो । जसको कारण सरकारी खर्च बढ्यो भने राजस्वका मुहान सुक्दै गयो । यसबाट नेपाल पनि अछुतो रहेन । कोरोना सङ्क्रमणपछि एकातिर विदेशी सहायतामा कमी आउने र अर्कोतिर आन्तरिक राजस्व पनि घट्दै जाँदा सरकार सञ्चालनमै अप्ठ्यारो अवस्था सिर्जना हुन थाल्यो । यसबाट बिस्तारै माथि उठ्न खोजिए पनि स्थिति साबिककै लयमा पूर्ण रूपमा फर्किन भने सकिरहेको छैन । नेपाल राजस्व परामर्श समितिको अध्ययनका अनुसार सन् २०२० मा विश्वको आर्थिक वृद्धिदर ३.३ प्रतिशत र नेपालको आर्थिक वृद्धिदर २.०९ प्रतिशतले ऋणात्मक थियो । सन् २०२१ पछि भने केही सुधार हुँदै गएको छ ।

कोरोनाको सङ्क्रमणपछि नेपाल राजस्व परामर्श समितिले नेपालको विगत १० वर्षको राजस्व सङ्कलनको स्थितिलाई विश्लेषण गर्दा औसत् राजस्वको वार्षिक वृद्धिदर १६.३५ प्रतिशत रहेको जनाएको थियो । समितिका अनुसार आव २०६७/६८ देखि २०७६/७७ सम्मको तथ्याङ्कलाई विश्लेषण गर्दा कुल राजस्व सङ्कलनसँग कुल गार्हस्थ उत्पादनको औसत् अनुपात १२.४१ प्रतिशत रहेकोमा यो क्रमशः वृद्धि हुँदै गई आव २०७५/७६ मा २१.५० प्रतिशत पुगेको समितिको अध्ययनले देखाएको छ ।

### राजस्वको महत्व

मुलुक सञ्चालनका लागि खर्चको जोहो गर्नै पर्छ । यसका लागि आन्तरिक राजस्व असुली गर्न सकिएन भने मुलुकले खर्च थेग्न दातासँग अनुदान र ऋणको सहायताको याचना गर्नु पर्छ, जुन सार्वभौम मुलुकका लागि त्यत्ति सहज हुँदैन । कोभिड सङ्क्रमणपछि दाताको सहयोगमा कटौती भएको छ । अमेरिकी निर्वाचन, विश्वमा भइरहेका युद्ध, विश्वव्यापी राजनीतिक अस्थिरताले आगामी दिनमा दाताको सहयोगमा अझै कटौती हुने पूर्वानुमान गर्न सकिन्छ ।

यस अतिरिक्त सन् २०२६ पछि नेपाल अति कम विकसित मुलुकबाट स्तरोन्नति हुने छ । यसबाट पनि दाताको अनुदान रकम कटौती हुन सक्छ । मुलुक सङ्घीय शासन प्रणालीमा अघि बढिरहेकाले तिनै तहका सरकारको प्रशासनिक खर्चमा पनि बढोत्तरी भइरहेको छ । आमजनताले पनि सरकारबाट बढी नै सेवा र सुविधाको अपेक्षा गरिरहेका छन् । यस स्थितिमा आन्तरिक राजस्व असुलीमा दबाब बढ्नु स्वाभाविकै हो ।

### राजस्वको दायरा सङ्कुचित

नेपालको राजस्वको दायरा सङ्कुचित छ, यसमा सुधार गर्नै पर्छ । जस अनुसार घरजग्गा कारोबारलाई राजस्वको दायरामा ल्याउनु पर्छ । सामान्यतः व्यावसायिक विज्ञ व्यक्ति आयकरको दायरामा छैनन् । यसमा चिकित्सक, इन्जिनियर, परामर्शदाता, कानुन व्यवसायी, कलाकार, खेलाडीलगायत पर्छन् । मुलुकमा करिब एक तृतीयांश आर्थिक कारोबार अनौपचारिक क्षेत्रमा रहेको अनुमान छ । हातमा रकम भएका मानिस उत्पादनशील क्षेत्रमा लगानी गर्न र बैङ्कमा पैसा राख्न हिचकिचाइरहेका छन् । फुटपाथमै करोडौँको व्यापार हुन्छ । सामान्यतः सीमावर्ती क्षेत्रमा दैनिक ८० करोड बराबरको कारोबार हुने अनुमान छ । यसबाट नेपाल सरकारले ठुलो परिमाणमा राजस्व गुमाइरहेको छ । यसका लागि राष्ट्रियताको भावना जगेर्ना गर्नुका साथै आन्तरिक उत्पादनको खपतमा जोड दिनु पर्छ । यी विषयलाई पाठ्यपुस्तकमा समेट्न पनि ढिला गर्नु हुँदैन ।

### राजस्वका चुनौती

नेपाल राजस्व परामर्श समिति स्वयम्ले राजस्व प्रशासनका क्षेत्रमा विविध समस्या र चुनौती औँल्याएको छ । जसमा राजस्व आयातमुखी हुन पुगेको छ । नेपालले बहुपक्षीय र द्विपक्षीय सन्धि सम्झौताबाट अपेक्षित लाभ लिन सकिरहेको छैन । अनौपचारिक अर्थतन्त्र फस्टाएको छ । राजस्व छुटको मात्रा ठुलो छ । सङ्घीय शासन प्रणालीका कारण राजस्व असुलीमा दोहोरोपना देखिन्छ । राजस्व प्रणालीलाई स्वचालित तुल्याउन सकिएको छैन । अन्तरनिकायको समन्वयको अभाव छ । राजस्वसम्बन्धी विवादको निरूपण शीघ्र गर्न सकिएको छैन । मूलतः राजस्व चुहावटको परिमाण अपेक्षा गरेभन्दा ठुलै रहेको प्रस्टै छ ।

### राजस्व छुट हटाउने

प्रचलित व्यवस्था अनुसार राजस्वमा छुट सुविधाको व्यवस्था छ । यसबाट कुन हदमा अर्थतन्त्र चलायमान भयो भनी छुट्टै अध्ययन भएको छैन । पछिल्ला दिनमा यस्ता छुट सुविधाले विकृति निम्त्याएको र राजस्व असुलीमा नकारात्मक असर पुगेको पाइएको छ । करिब तीन/चार वर्षअघि नेपाल राजस्व परामर्श समितिले आफ्नो प्रतिवेदनमा बर्सेनि मूल्य अभिवृद्धि करबापत मात्रै वार्षिक एक खर्ब ३० अर्ब छुट दिइरहेको अनुमान गरेको थियो । यो रकम बर्सेनि वृद्धि हुँदै छ । २०५२ सालमा मूल्य अभिवृद्धि कर लागु गर्दा ऐनको

❖ बाँकी तेस्रो पृष्ठमा


# राहत कोषमा खत्रीको २१ हजार सहयोग



झापा(प्रस) । बिर्तामोड उद्योग वाणिज्य संघकी सह कोषाध्यक्ष तिलोत्तमा खत्रीले जन्मदिनको अवसर पारेर बिर्तामोड उद्योग वाणिज्य संघलाई २१ हजार रुपैया प्रदान गरेकी छन् ।
संघले स्थापना गरेको 'व्यवसायी सदस्य राहत कोष'का लागि उनले २१ हजार रुपैयाँ प्रदान गरेकी हुन । संघले एक करोड रुपैयाको अक्षयकोष स्थापना गरेको छ । सो कोषमा हालसम्म २० लाख रुपैया संकलन भएको छ ।झापा- इलाम मैत्री संघकी अध्यक्ष समेत रहेकी उनले संघका अध्यक्ष राजु न्यौपाने र कोषका संयोजक राजकुमार घिमेरे 'राजु' लाई सो रकम प्रदान गरेकी थिइन् । कार्यक्रममा व्यवसायी तथा तिलोत्तमाका श्रीमान प्रमोद कार्की , महिला उद्यमी राधिका चुडाल हुमागाई , झापा- इलाम मैत्री संघका उपाध्यक्ष नरेश कर्मचार्य, बितामोड नगर अध्यक्ष अञ्जु लामिछानेलगायतको आतिथ्यता रहेको थियो ।
यसैवीच संघले कोष वृद्धिका लागि सहयोग पुऱ्याएको भन्दै कदरपत्रद्वारा खत्री दम्पत्तीलाई सम्मान गरेको छ । समारोहमा संघका उपाध्यक्ष विशाल थापा , जीवन खड्का , महिला उद्यमी समूहकी अध्यक्ष राधिका हुमागाई लगायतले जन्मदिनको अवसरमा शुभकामना राखेका थिए ।
बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रमको संचालन संघका महासचिव कुशल खतिवडाले गरेका थिए ।

बिर्तामोड उद्योग वाणिज्य संघले एक वर्षअघि कोष स्थापना गरेको र सो कोषमा आफूले समेत रकम जम्मा गर्न पाउँदा खुशी लागेको सह कोषाध्यक्ष खत्रीको भनाई छ ।

# ३ अर्बभन्दा बढीको रक्तचन्दन अलपत्र



झापा(प्रस) । विभिन्न समयमा तस्करबाट जफत गरिएका तथा बेवारिसे फेला परेका २ लाख ११ हजार ५४ केजी रक्तचन्दन अलपत्र अवस्थामा छन् । वन अधिकारीका अनुसार अनुमानित बजार मूल्य प्रतिकेजी करिब १५ हजार ४ सय १० रुपैयाँका हिसाबले करिब ३ अर्ब २५ करोड २३ लाख ४२ हजार १ सय ४० पर्ने रक्तचन्दनका ती काठ वन तथा भू-संरक्षण विभागका देशभरका विभिन्न शाखामा अलपत्र छन् ।
दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार (साइटिस) महासन्धिअनुसार ओसारपसार र बेचबिखनमा प्रतिबन्धित रक्तचन्दन बरामद भएमा सम्बन्धित मुलुकलाई नै फिर्ता गर्नुपर्ने हुन्छ । बरामद रक्तचन्दनमध्ये अदालती प्रक्रियाबाट अन्तिम किनारा लागिसकेका करिब १ लाख ६८ हजार ५ सय ७२ केजी रक्तचन्दन भारत नै पठाउने पहल विभागले अघि बढाएको छ । यसअघि विभिन्न समयमा गरी ३६ हजार ९ सय २८ किलो रक्तचन्दनको काठ भारतलाई बुझाइएको छ ।
विभिन्न मितिमा बरामद गरिएका मध्ये कुल १९ हजार ३ सय २४ केजी काठ भने हराएको विभागको दाबी छ । विभागले उपलब्ध गराएको तथ्यांकअनुसार करिब ६ सय ५५ केजी काठ अन्तिम संस्कारका लागि पनि प्रयोग गरिएका छन् । तीमध्ये काठमाडौंमा ६ सय १९ केजी काठ अन्तिम संस्कारका लागि प्रयोग गरिएको छ भने नवलपरासीमा ११ केजी र सिन्धुपाल्चोकमा २४ केजी प्रयोग गरिएको छ ।

विभागका अनुसार हाल मुद्दा कारबाहीमा रहेको रक्तचन्दनको परिमाण १६ हजार ४ सय ८७ केजी, अदालतबाट फैसला भइसकेको १ लाख ८९ हजार ३ सय ७६ केजी, अदालती प्रक्रियामा रहेको २ लाख ५ हजार ८ सय ६३ केजी, बेवारिसे अवस्थामा रहेको ६२ हजार ९७ केजी छ भने अदालती प्रक्रियामा तथा बेवारिसे रक्तचन्दको परिमाण २ लाख ६७ हजार ९ सय ६१ केजी छ ।
चितवन, सर्लाही, दोलखा, झापा, नवलपारसी, ताप्लेजुङ, कपिलवस्तु, धादिङ, तेह्रथुम, रसुवा, रूपन्देही, बझाङ, काभ्रेपलाञ्चोक, भक्तपुर, सिन्धुपाल्चोक, ललितपुर, काठमाडौं, गोरखा, संखुवासभा, सप्तरीलगायत जिल्लामा यसको कारोबार बढी हुने गरेको देखिएको छ ।

# संखुवासभाको ८० प्रतिशत घरमा बिजुली

झापा(प्रस) । संखुवासभाका ८० प्रतिशत घरधुरीमा बिजुली पुगेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।
खाँदबारीमा मंगलवार विद्युत् प्राधिकरणको क्षेत्रीय कार्यालय विराटनगरले सरोकारवालासँग गरेको छलफलमा प्राधिकरणका क्षेत्रीय प्रमुख राजिव सिंहले बाँकी २० प्रतिशत घरधुरीमा पनि छिट्टै बिजुली पुऱ्याउने बताए ।
नेपाल विद्युत् प्राधिकरण संखुवासभाले महसुल नतिर्ने ५ सय ४२ उपभोक्ताबाट ५९ लाख बक्यौता उठाएको पनि जानकारी गराएको छ ।
सदरमुकाम खाँदबारी आसपास र चैनपुर बजार क्षेत्रमा विद्युत् महसुल नतिर्ने उपभोक्ताको विद्युत् काट्न थालेपछि प्राधिकरणले बितेको १० महिनामा ५९ लाख बक्यौता र ब्ल्याकलिष्ट भएका ग्राहकबाट थप ६ लाख उठाएको खाँदबारी वितरण केन्द्रका प्रमुख सत्रुधन यादवले बताए ।
संखुवासभामा प्राधिकरणले गतवर्ष महसुल बापत २४ करोड १९ लाख रकम संकलन गरेको थियो । प्राधिकरणको संखुवासभामा २८ हजार ७ सय ३२ बढी ग्राहक छन् ।

# बिश्रान्ती घाटका लागि गौतमले दिए १ लाख २३ हजार

झापा(प्रस)। बिर्तामोड- ८ स्थित देउनिया खोलामा निर्माण भइरहेको बिश्रान्ती घाटका लागि स्थानीय समाजसेवी मधु गौतमले १ लाख २३ हजार ५०० रुपैयाँ सहयोग गरेका छन् । एकपछि अर्को दाता महानुभावले सहयोग गर्ने क्रममा बिर्तामोड ८ निवासी पूर्व इन्जिनियर गौतमले सो सहयोग गरेको घाट निर्माण समितिका सचिव मदन अधिकारीले बताए । जेठ १० गते विश्रान्ती घाटको शिलान्यास गरिएको हो । शिलान्यास कार्यक्रममै बिर्तामोड ८ का वडाध्यक्ष अजय कार्की र उनकी श्रीमती कल्पना कार्कीले घाट निर्माणका लागि १लाख ११ हजार १११ रुपैयाँ सहयोग गरेका छन् । त्यस्तै मेची आँखा अस्पतालका अध्यक्ष जलकुमार गुरुङले ५१ हजार रुपैयाँ सहयोग गरेका छन् । घाट निर्माण गर्ने कार्य तीब्ररुपमा अघि बढिरहेको बताउँदै सचिव अधिकारीले बुधवार पाइलिङको काम पूरा हुने जानकारी दिए । भेलागुडीलाई धार्मिक एवं पर्यटकीय स्थलको रुपमा विकास गर्ने उद्धेश्यसहित करिव २ करोडको लागतमा बिर्तामोड- ८ स्थित देउनिया खोलामा बिश्रान्ती घाट निर्माण शुरु गरिएको छ ।

# मोटरसाइकलको ठक्करबाट मेचीनगरका राजवंशी गंभीर घाइते

झापा(प्रस) । मोरङको उर्लाबारीमा मोटरसाइकलको ठक्करबाट एक पैदलयात्री गंभीर घाइते भएका छन् । सोमवार राति ९.२५ बजे उर्लावारी- ३ सोल्टी पुलस्थित पूर्वपश्चिम राजमार्गमा उर्लाबारीबाट पथरीतर्फ जाँदै गरेको प्रदेश १-०२-०५३प २५०५ नम्बरको मोटरसाइकलले पैदलयात्री झापा मेचीनगर - १ बस्ने ५८ वर्षीय लक्ष्मीनारायण राजवंशीलाई ठक्कर दिएको हो । टाउकोमा चोट लागेका राजवंशीको अवस्था गम्भीर रहेको छ । त्यस्तै मोटरसाइकल चालक धरान -१५ घर भई हाल उर्लाबारी -३ बस्ने ३२ वर्षीय इश्वर शंकर सामान्य घाइते भएका छन् । उनको दाहिने खुट्टामा चोट लागेको छ । दुबै घाईतेलाई उपचारको लागि मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर मंगलबारे पठाइएको थियो । त्यहाँबाट थप उपचारका लागि राजवंशीलाई न्यूरो हस्पिटल विराटनगर लगिएको इलाका प्रहरी कार्यालय उर्लावारीका प्रहरी निरीक्षक रन्जन बरालले जानकारी दिए । मोटरसाइकल अस्थायी प्रहरी चौकी मंगलबारेको नियन्त्रणमा रहेको छ ।

## जेठ १५...

विष्टले भड्काउने जोखिम रहेकाले नजिकबाट निगरानी गरिदिन अनुरोध गरे ।
'जेठ १५ को कार्यक्रम शान्तिपूर्ण हुन्छ । चैत १५ मा प्रदर्शन भड्काउने काम भयो । यो पटक पनि त्यस्तो नहोला भन्ने अस्था रहेन प्रधानमन्त्रीकै अभिव्यक्ति त्यस्तो आयो,' राप्रपा अध्यक्ष लिङ्देनले भने,'गणतन्त्रको विरोध गर्न यो संविधानले नै दिएको अधिकार हो । संविधानले राजसंस्था माग गर्न पाउने व्यवस्था गरेको छ ।' उनले प्रदर्शनका लागि आफूहरुले राजधानी रत्नपार्क क्षेत्र तय गरेपछि त्यही स्थानमा प्रधानमन्त्रीले आफ्नो दलको कार्यक्रम राख्ने तय गर्नुले भड्काउने खोजेको देखिएको बताए ।

'हाम्रो आन्दोलन सत्याग्रहमा आधारित हुन्छ । आयोजकहरुको नियन्त्रणमा हुन्छ । स्वयंसेवक २ हजार जना परिचालित हुन्छन्,' आन्दोलनको स्वरुपबारे जानकारी दिँदै लिङ्देनले भने,' हामीले यो कार्यक्रममा मन्च खडा गर्दैनौं ।'
अध्यक्ष लिङ्देनले अहिलेको निर्वाचन प्रणालीबाट दुईतिहाइ नआउने र नेपालमा विगतमा कुनै पनि परिवर्तन चुनावबाट नभएको सन्दर्भ उल्लेख गर्दै अहिले पनि आफूहरु व्यवस्था परिवर्तनका लागि जनदबाब उभिएको बताए । 'हामीले यो संविधान र संसद्लाई आन्दोलनको रुपमा प्रयोग गरेका छौं । अहिलेको समस्या नेतृत्वमा मात्र हैन व्यवस्थामै छ । यो व्यवस्थामा परिमार्जन गर्नुपर्छ,' अध्यक्ष लिङ्देनले भने ।
उनले आफूहरुले ल्याउन लागेको राजतन्त्र र राजा विगतको जस्तो नभएको बताए । 'माघ १९ को जस्तो 'कू' गर्ने राजा ल्याउन खोजेका हैनौं । हिजो र आजका दुवै राम्रा कुरा ल्याउन खोजेका हौं,' उनले भने ।
राप्रपाका नेपालका अध्यक्ष थापाले राजतन्त्र पुनर्स्थापना, हिन्दु राज्य पुनर्स्थापना र संघीयता खारेजीका लागि २०६२/०६३ पछि अहिले सबैभन्दा उपयुक्त समय आएकाले सबै समूह मिलेको बताए । 'हामी पानी बाराबारको अवस्थाबाट यहाँ आएका छौं । यो अहिले सबैभन्दा अनुकूल अवस्था छ,' थापाले भने,' हाम्रो वैचारिक धारलाई नै समाप्त पार्ने कोसिस भएपछि हामी एक भएका हौं ।'
आन्दोलनका संयोजक सुवेदीले आन्दोलन अहिंसात्मक हुने तर सरकारको रवैया ठीक नभएको बताए । ' आन्दोलन अहिंसात्मक हुन्छ । सरकारको रवैया ठीक छैन त्यसले हाम्रो शान्तिपूर्ण आन्दोलनको साक्षी बसिदिन हामी तपाईंहरुसँग गुहार माग्न आएका छौं,' संयोजक सुवेदीले भने ।

राष्ट्रिय शक्तिका संयोजक विष्टले पनि भद्र अवज्ञा आन्दोलनमा खतरा आएकोले साथ खोजेर पत्रकारहरु समक्ष आएको बताए ।
उता माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले चैत १५ गते तीनकुनेमा आतंक मच्चाउनेलाई पछाडि राखेर अर्को पात्रलाई सिंगारपटार गरिएको बताएका छन् ।
मंगलबार भिमसेन थापा गाउँपालिकाको प्रशासकीय भवन उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै दाहालले वंशवाद र निरंकुशतातिर फर्कने कल्पना पनि गर्न नसकिने बताए । 'चैत १५ गते उत्पात गर्ने मण्डलेहरुको गुण्डागर्दी प्रवृत्ति फेरि देखियो,' उनले भने,'ती पात्रहरुलाई पछाडि राखेर अर्को पात्र सिंगारपटार गरेर पर्सिबाट आन्दोलन भन्ने छ, फेरि सफल हुनेवाला छैन, सजक चाहिँ हुनुपर्ने छ ।'
शासनसत्ताबाट मिल्काइएका प्रतिक्रियावादीहरुले गणतन्त्र, संघीयता, समावेशितालाई बदनाम गर्ने अनेक कुचेष्टा गरेको उनले बताए । 'प्रतिगामी, प्रतिक्रियावादी र समान्तहरु केही समयसम्म फेरि फर्कन सकिन्छ कि भनेर कुचेष्टा गरिराख्छन्, नेपालमा मात्र होइन संसारभर त्यसो गर्छन तर जनता सचेत हुँदा एकताबद्ध हुँदा यो असंभव प्रयास मात्र हुन्छ,' उनले भने,'इतिहासको चक्का फर्किएर पछाडि जाँदैन ।'
७० वर्ष लडेर ल्याएको गणतन्त्रको विकल्प अझै राम्रो गणतन्त्र मात्र भएको दाहालले बताए । 'गणतन्त्रलाई सुदृढ गर्ने कुरा हो, वंशवादतिर फर्कने, निरंकुशतातिर फर्कने कुरा कल्पना पनि गर्न सकिन्न र गर्न हुँदैन,' उनले भने ।

वंशवादीको निरंकुशतावादी २४० वर्षको इतिहासको कुकर्मको लामो श्रृंखला रहेको दाहालले बताए । 'कोत पर्वको हत्या, भण्डारखाल पर्व कसले गऱ्यो,' उनले थपे,' टाढा जानुपर्दैन नारायणहिटीमा भयानक हत्याकाण्ड गर्ने अरुभन्दा उदार राजाको वंश सिद्धाउने को हुन्, त्यति त जनताले बुझेका कुरा छ नि, तिनीहरुको भुलभुलैयामा पर्छन् भन्ने विल्कुल लाग्दैन ।'

## गणतन्त्रपछि...

अनुसूची १ मा छुटको छोटो सूची थियो । यो सूची क्रमशः घटाउँदै लैजाने भनिएको थियो । बर्सेनि यस्तो छुटको सूची विस्तार हुँदै गएको छ । हामी राजस्व असुलीमा उल्टो बाटो हिँडिरहेका छौँ । जसको कारण राजस्व क्षयीकरण भइरहेको छ ।

नेपालको आयकर ऐनले एकल व्यक्ति र दम्पतीको हकमा निश्चित आयमा कर छुट दिएको छ । यसै गरी द्विपक्षीय र बहुपक्षीय सन्धि सम्झौता अनुसार पनि छुट हुने छ । कुनै मुलुकसँग नेपालले दोहोरो कर उन्मुक्तिको सम्झौता गरेकोमा पनि आयकर छुट हुन्छ । कृषि आम्दानीमा पनि कर छुटको व्यवस्था छ । सहकारी कानुन अनुसारका कैयौँ खेती, व्यवसाय र कारोबारमा पनि कर छुट छ । यसै गरी निश्चित सङ्ख्यामा रोजगारी दिनेलाई, अति अविकसित, अविकसित र अल्पविकसित भूगोलमा उद्योग स्थापना गर्नेलाई सरकारले तोकी दिएको सीमाभित्र रहेर चन्दा दिनेलाई पनि कर छुटको व्यवस्था छ । यस्तो सूची पनि लामो छ ।
नेपाल सरकारले भन्सार छुट सुविधा पनि दिएको छ । यस्तो सुविधामा भारतबाट हुने आयातमा सबैभन्दा बढी छ । त्यसपछि चीनबाट आयात हुने वस्तुमा पनि छुट छ । यसै गरी साफ्टा र बिम्स्टेक मुलुकबिचको आयातमा पनि छुट दिइएको छ । हामीले दौत्य सम्बन्ध कायम गरेका र व्यापार व्यवसायका लागि साझेदार ठानेका मुलुकबाट हुने आयातमा पनि छुट दिएका छौँ । निकासीमा लगभग भन्सार छुट नै छ । तिनले निकासीका आधारमा नगद अनुदान पनि पाउँछन् । एम्बुलेन्स, शववाहनलगायतको पैठारीमा पनि भन्सार छुट हुन्छ । यस्तो छुटबापत सरकारले कति राजस्व गुमाउँछ भनी हिसाबकिताब राख्ने गरिएको पाइँदैन ।

प्रत्येक वर्ष आर्थिक ऐन जारी हुन्छ । यस्तो ऐनमा कैयौँ व्यावसायिक र औद्योगिक वस्तुमा छुट सुविधाको घोषणा गरिन्छ । यसबाट आमजनतामा पुगेको लाभको विश्लेषण गरिन्न । यसर्थ कैयौँ छुट सुविधा दिँदा सरकारलाई नीतिगत भ्रष्टाचार गरेको आरोप पनि लाग्ने गरेको छ । यसबाट पनि बर्सेनि सरकारी राजस्वमा अर्बौंको नोक्सानी छ । यी विषयमा पनि मिनी संसद्मा चर्चा, छलफल, चर्काकर्की हुनुपर्ने हो तर त्यस्तो भएको छैन । यसबाट यस्ता छुट सुविधा कुन हदसम्म दुरुपयोग भएका छन्, अर्थात् अमुक व्यक्तिको मुनाफाका लागि सरकारी नीति बन्ने गरेका छन् भन्ने विषयमा गहन अध्ययनको खाँचो छ ।

**राजस्व वृद्धिका उपाय**

राजस्व वृद्धिका लागि मुलुकभित्र आर्थिक कारोबारमा वृद्धि हुनु पर्छ । यसका लागि आन्तरिक र बाह्य लगानी आकर्षित गर्नु पर्छ । उद्योगधन्दाको संरक्षण गर्न सरकार अग्रसर हुनु पर्छ । निकासी पैठारी व्यापारमा कारोबार मूल्यलाई मान्यता दिई बजार अनुगमनलाई चुस्त र दुरुस्त तुल्याउनु पर्छ । घरजग्गा कारोबारलाई करको दायरामा ल्याउनु पर्छ । कर परीक्षण एवं अनुसन्धानमा सुधार गर्नु पर्छ । यसै गरी आन्तरिक उत्पादन बढाउन, रोजगारीका अवसर सिर्जना गर्न, निकासी प्रोत्साहन गर्न, भन्सार प्रक्रियामा सुधार गर्न र राजस्व प्रशासनका प्रशासनिक जटिलता हटाउन पनि सरकार मन, वचन र कर्मले अघि सर्नु पर्छ ।

यस अतिरिक्त, सम्पत्ति शुद्धीकरण ऐनको प्रभावकारी कार्यान्वयनका लागि एक पटकका लागि सम्पत्ति घोषणा गराई अभिलेखन गर्ने व्यवस्था मिलाउनु पर्छ । गैरकर राजस्वलाई प्रभावकारी वनाउन एकीकृत कानुन र कार्यविधि तर्जुमा गरी संरचनात्मक सुधार गर्नु पर्छ । सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट राजस्व असुलीका क्षेत्रमा दोहोरोपना हटाउन छाता ऐन जारी गर्न ढिला गर्नु हुँदैन । मूलतः मूल्य अभिवृद्धि कर अनुसार हरेक बिक्री स्थलमा आमउपभोक्ताले बिलबीजक पाउने प्रबन्ध मिलाउनु पर्छ । हरेक आयातकर्ताले वस्तुको मूल्य घोषणा गर्दा उपभोक्ताले तिर्नुपर्ने अधिकतम खुद्रा मूल्य घोषणालाई अनिवार्य गर्नु पर्छ । आमनागरिकसँग स्थायी लेखा नम्बर (पान) हुनु पर्छ । यसमा सरल कार्यविधि निर्माण गरी आयआर्जन गर्नेले अनिवार्य रूपमा कर तिर्नुपर्ने प्रबन्ध मिलाउनु पर्छ । राजस्व असुलीमा प्रदेश सरकार र स्थानीय तह पनि सक्रिय एवं क्रियाशील हुनु पर्छ ।

**दरसँगै दायरा**

राजस्वको दर वृद्धि गर्ने होइन, दायरा बढाउने हो । केही वस्तुमा दर बढाउन पनि हिचकिचाहट मान्नु हुँदैन । उदाहरणका लागि सुर्तीजन्य वस्तु, मदिरा र विलासिताका सामानमा राजस्व वृद्धि गर्न सकिन्छ । छद्मभेषी व्यापारीलाई नियन्त्रण गर्दा पनि राजस्व बढोत्तरी हुने छ । यसका निमित्त गलत हर्कत गर्नेविरुद्ध राज्यप्रणाली कठोर हुनै पर्छ । राजस्वका क्षेत्रमा थाती रहेका विवाद र मुद्दाको समयमै किनारा लगाउँदा पनि यस क्षेत्रमा सुधारको सङ्केत देखा पर्ने छ । यसै गरी गैरकर राजस्वलाई व्यवस्थित गर्न छुट्टै ऐन ल्याउनु पर्छ । यसबाट हरेक निकायलाई वार्षिक राजस्व असुलीको लक्ष्य दिई सकारात्मक परिणाम हासिल गर्न सकिने सम्भावना नकार्न सकिन्न ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।